BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# ‘सुँडी दमिनी’ कथामा जाति, क्षण र पर्यावरण

**राजेन्द्र गिरी**

**नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर**
*Corresponding E-mail: rajendragiri191@gmail.com

Received: September 9, 2024, Accepted: Dec. 7, 2024
DOI:https://doi.org/10.3126/bmcjsr.v7i1.72984

**सारसङ्क्षेप**

*प्रस्तुत लेख महेशविक्रम शाह (२०२२) को ‘सुँडी दमिनी’ कथाको जाति, क्षण र पर्यावरणमा आधारित छ। यो फ्रान्सेली हिप्पोली अडोल्फ टेनको साहित्यिक समाजशास्त्रीय विश्लेषणको आधारमध्ये एक हो । यिनको हिस्ट्री अफ इङ्लिस लिट्रेचर नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको प्रारम्भ भएको हो । यिनले साहित्यलाई समाजका बारेमा थाहा पाउने मूलस्रोत मानेका छन्। यिनले समाजशास्त्रीय अध्ययन पद्धतिअन्तर्गत जाति, क्षण र पर्यावरणसम्बन्धी सिद्धान्त प्रस्तुत गरेका छन्। यस कथामा महेशविक्रम शाहले सुदूरपश्चिमको ग्रामीण परिवेशलाई चित्रण गरेका छन्। यस कथाको मुख्य पात्र सुढी दमिनीले भोगेका सङ्घर्षमय जीवनको यथार्थ चित्रण गरिएको छ । कथामा वितरित घटनाक्रमका आधारमा समान र भिन्न नश्लील सम्बन्ध समेटिएको पाइन्छ। यस कथामा परिवार, समाज र संस्कृति आदिको स्त्री पात्र सुँडी दमिनीलाई दुःखपूर्ण जीवनयापन गर्न बाध्य बनाइएको छ। नेपाली पहाडी जीवनको भूगोलमा कथा निर्माण भएकाले आर्थिकअनुसार खानपिन फरक रहेको पाइन्छ। कथाको कालखण्ड हेर्दा आजभन्दा पचास वर्षअघि भन्ने आधार भेटिन्छन्। यस कथामा मानिसहरूको आर्थिक अवस्था मिश्रित रहेको जीवनपद्धति भेटिन्छ। कथाकारले यस कथामा सुँडी दमिनीका माध्यमबाट पश्चिम नेपालको यथार्थ चित्रण गरेका छन्। नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक अवस्थाले मानवीय जीवन सङ्कटग्रस्त बनाएकोले हिप्पोली अडोल्फ टेनको सैद्धान्तिक मान्यताका आधारमा यस कथाको समाजशास्त्रीय विश्लेषण गरिएको छ।*

**शब्दसूची** : *ग्रामीण, क्षण, जाति, पर्यावरण, वंशानुगत, सहजआनुवंशिक।*

## १. विषयपरिचय

महेशविक्रम शाह (२०२२) सामाजिक यथार्थवादी कथाकार हुन् । उनका *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *काठमाण्डूमा कामरेड* (२०६४), *ज्याक्सन हाइट* (२०६९) र *भूइँखाट* (२०७४) गरी सातवटा कथासङ्ग्रहहरू प्रकाशित छन् । उनको यो ‘सुँडी दमिनी’ कथा *सटाहा* कथासङ्ग्रहमा सङ्गृहीत छ । *सटाहा* कथासङ्ग्रहमा भएका कथाहरूमध्ये यहाँ ‘सुँडी दमिनी’ कथाको जाति, क्षण र पर्यावरणको अध्ययन गरिएको छ ।

साहित्यमा कथालाई लोकप्रिय आख्यान विधाका रूपमा लिइन्छ। कथा गद्यमा लेखिने साहित्यक विधा हो । यसमा जीवन र जगत्का घटना परिघटनालाई कार्य र कारणको शृङ्खलामा प्रस्तुत गरिएको हुन्छ। कथामा पात्र र परिस्थितिका बिचमा द्वन्द्व हुन्छ। कथामा पात्रका गतिविधि, भोगाइ र आचरणहरू परिवेशका रूपमा प्रस्तुति गरिन्छ।

नेपाली कथामा आधुनिकताको बिसौँ शताब्दीको अन्तिम दशकदेखि सुरु भएको हो। नेपाली कथाको क्षेत्रमा आधुनिकताको सुरुवात गुरुप्रसाद मैनालीको ‘नासो’ कथा प्रकाशनसँगै भएको हो । कथाले आधुनिककालका विकासक्रमसँगै अहिलेसम्म आइपुग्दा विभिन्न मोड देखिएको पाइन्छ। आधुनिक कथाको विकासक्रममा सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, प्रगतिशील यथार्थवादी र समसामयिक यथार्थवादी आदिका परिवेशमा नेपाली आधुनिक कथाहरू लेखिएको देखिन्छ । त्यसैले सामाजिक यथार्थवादी आधुनिक स्रष्टा महेशविक्रम शाह पनि भएकाले उनको ‘सुँडी दमिनी’ कथामा समाजको घटनाक्रमलाई यथार्थपरक ढङ्गले चित्रण गरिएको देखिन्छ।

कथाकार शाहले मान्छेको सोँच, मनोव्यवहार, सङ्घर्ष, जीवनदर्शन, राष्ट्रिय अनुभूतिलाई कथामा प्रस्तुत गरेका छन् । *सटाहा* कथासङ्ग्रहमा सङ्गृहीत 'सुँडी दमिनी' कथामा सुदूरपश्चिम नेपालको ग्रामीण जनजीवनलाई चित्रण गरिएको देखिन्छ। उनको 'सुँडी दमिनी' कथामा फ्रान्सेली दार्शनिक हिप्पोलाइट अडोल्फ टेनको प्रमुख तीन मान्यतासम्बन्धी अवधारणालाई आधार बनाई विश्लेषण गरिएको छ । प्रस्तुत कथामा सुदूरपश्चिम नेपालको ग्रामीण परिवेशको सामाजिक तथा सांस्कृतिक चित्रण भएको हुनाले टेनको जाति, क्षण र पर्यावरणको कोणबाट यस कथाको अध्ययन गर्नुपर्ने देखिन्छ । त्यसैले प्रस्तुत लेखमा जाति, क्षण र पर्यावरणका कोणबाट 'सुँडी दमिनी' कथाको विश्लेषण गरिएको छ ।

## २. **अध्ययनविधि**

प्रस्तुत लेखमा साहित्यको समाजशास्त्रीय अध्ययनको सिद्धान्तमध्ये टेनको जाति, क्षण र पर्यावरणसम्बन्धी सिद्धान्तका आधारमा 'सुँडी दमिनी' कथामा चित्रित जाति, क्षण र पर्यावरण पहिचान गरी विश्लेषण गरिएको छ। त्यसैले यो निगमनात्मक र आगमनात्मक विधिमा केन्द्रित छ। यस अध्ययनका क्रममा पुस्तकालयमा भएका सामग्रीको उपयोग गरिएको छ।

### २.१ **सैद्धान्तिक अवधारण**

साहित्यमा जाति, क्षण र पर्यावरणको चित्रणका बारेमा अध्ययन गर्ने सिद्धान्त नै समाजशास्त्रीय सिद्धान्त हो । समाजशास्त्र मानवीय सामाजिक क्रियाकलापसँग सम्बन्धित रहेकाले यसको संरचना विभिन्न शाखाहरूसँग सम्बन्ध रहेको हुन्छ। समाजका विभिन्न संरचना - जातीय, पारिवारिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा भौतिक विषयहरू परस्पर सम्बन्धित रहेको देखिन्छ। यिनै विभिन्न संरचनाहरूको अन्तर्सम्बन्धबाट समाज निर्मित हुन्छ ।

साहित्यको क्षेत्रमा मुख्य तीन दृष्टिकोण सक्रिय छन्, जसको लक्ष्य (१) साहित्यमा समाजको खोजी (२) समाजमा साहित्यको सत्ता र साहित्यकारको स्थितिको विवेचना र (३) साहित्य र पाठकका बिचको सम्बन्धको विश्लेषण (पाण्डेय, १९७४, पृ. १२) रहेको छ। प्रस्तुत दृष्टिकोण निरूपण गर्दा समाजशास्त्र र साहित्यको समाजशास्त्र दुवैको केन्द्रविन्दु समाज भएकाले शाहको कथा 'सुँडी दमिनी' मा टेनको जाति, क्षण र पर्यावरणको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ।

#### २.१.१ **जाति**

कला वा साहित्यमा जातिको उपस्थितिको सन्दर्भमा टेन सहज वंशानुगत गुणका रूपमा यसलाई हेर्नुपर्ने धारणा अघि सारेका छन् । उनले यस्ता गुणहरू आनुवंशिक रूपमा लिएर आउने तथ्य प्रस्तुत गरेका छन् । यसरी हेर्दा जाति समाजशास्त्रीय अध्ययनको सापेक्ष हो । समान सांस्कृतिक विशेषताले पनि जातिको निर्माण गरेको पाइन्छ । फरक जलवायु, भूगोल र खानपानजस्ता तत्त्वले समान र भिन्न वंशानुगत विशेषता निर्माण गरेको देखिन्छ। यसर्थ जातिको निर्माणमा क्षण र परिवेशको पनि प्रभाव रहने देखिन्छ । टेन प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीरसंरचना आदिका रूपमा गरेको पाइन्छ । उनले "मैले अनेक मानव जातिको विश्वमा फरकपन देखिनुमा आवास स्थानमा भिन्नता हुनु नै हो । कुनै जातिले खानपान वा कुनै महान् घटनाको कारणले फरक विशेषता आर्जन गर्न सक्छन्" (जैन, १९८६, पृ. २३-२४) । टेनका अनुसार लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्दछ।

लेखकले आफ्ना रचनाको सामग्री आफ्नो प्रजातिबाट नै ग्रहण गर्दछ । त्यसैले साहित्यिक कृतिको अध्ययन गर्दा त्यसको प्रजातिगत अध्ययन गर्नु आवश्यक हुन्छ । कुनै एक प्रजातिका मानिसहरू जहाँ गए पनि तिनीहरूमा निश्चित प्रजातिगत गुणहरू विद्यमान रहिरहन्छन् । तर फरक भूगोल, हावापानी र खानपानको प्रभावका कारण केही प्रजातीय गुणहरूमा परिवर्तन आउन सक्छन् । प्रजातिले यस्तो अवस्थामा पनि आफ्ना मौलिक विशेषता र चिह्नगत आधारहरू कायम नै राख्दछन् (श्रेष्ठ, २०७१, पृ. ७३) । साहित्यिक चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो । कृतिको सर्जक र कृतिमा व्यक्त भएको मानवका बारेमा जान्नका निम्ति साहित्यको अध्ययन आवश्यक हुन्छ।

टेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा लिएका छन् (क्षेत्री, २०६४, पृ. २३) । साहित्यको समाजशास्त्रीय चिन्तनमा 'जाति' शब्दलाई वर्णव्यवस्थाको अर्थमा लिइएको छ भने 'प्रजाति' शब्दलाई मानव स्कन्धका उपशाखाका अर्थमा ग्रहण गरिएको छ । यस दृष्टिले हेर्ने हो भने जीवविज्ञानअनुसार 'प्रजाति' शब्दले

'रेस'लाई बुझाउँछ । कहिलेकाहीँ मानिसहरू 'कास्ट' र 'रेस' दुवै अर्थमा जाति शब्दको प्रयोग गर्दछन् (शर्मा, २०३९, पृ. ८२) । समालोचनाको सामाजिक दृष्टिकोणको व्यापक सैद्धान्तिक प्रस्फुटन टेनबाटै हुन्छ। उनी क्षण, युग र जातिका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्ने र सामाजिक समालोचनाका प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता हुन् (त्रिपाठी, २०५८, पृ. १४९) । मानव समूहमा विभिन्न जातिहरू छन् र प्रत्येक साहित्यकार कुनै न कुनै जातिको सदस्य हुन्छ । प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ। आफ्नै कलागत मूल्य हुन्छ र आफ्नै जीवनको आदर्श हुन्छ।

### २.१.२ **क्षण**

टेनको साहित्यिक कृतिमा क्षणको उपस्थिति रहने तर्क छ। यसलाई समयको सानो विन्दुका रूपमा पनि हेर्ने गरिन्छ। कृतिको मूल कारण नै क्षण हो । यद्यपि कृतिमा व्याप्त सिङ्गो कालखण्डका रूपमा क्षण शब्दलाई हेर्नु सान्दर्भिक हुन्छ। यसले सिङ्गो सामाजिक संरचना, जीवनपद्धति आदिलाई नै प्रभावित पार्छ। टेनले यस्तो विशिष्ट क्षणलाई प्रेरक क्षण भनेका छन् (शर्मा र लुइटेल, २०६१, पृ. १२९) । टेनले साहित्यलाई दर्पणसँग तुलना गरी साहित्यलाई निश्चित युगको सत्यलाई अभिव्यक्त गर्ने माध्यम मानेका छन् । साहित्यकारले कृतिमा आफू बाँचेको युगको प्रतिबिम्ब उतारेको हुन्छ भन्ने कुरा एउटा शताब्दी र अर्को शताब्दीको साहित्यलाई तुलना गरेर एउटा युगमा एक प्रकारको र अर्को युगमा अर्कै प्रकारको सामाजिक परिस्थिति रहेबाट स्पष्ट हुन्छ। यस्तो भिन्नता युगको परिस्थिति र चेतनाको कारणले गर्दा हो भन्ने टेनको मत रहेको छ। टेनका मतमा कलाकार वा साहित्यकार युगको सत्यको साक्षात्कार गराउने मध्यस्थकर्ता हुन् । साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानवजीवनको सत्यको पहिचान गराउँछ। लेखक तथा कलाकारले आफ्नो प्रजाति, समाज तथा राष्ट्रको भावना तथा आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एउटा युगको दस्तावेज तथा अभिलेख हो । दर्पणले मानवको प्रतिबिम्ब देखाएजस्तै साहित्यले पनि कुनै युग तथा समयको प्रतिबिम्बलाई (क्षेत्री, २०६४, पृ. २३-२४) प्रस्तुत गरेको हुन्छ।

टेनको युगको मूल आधार युगचेतना हो । टेनका अनुसार एक युगमा कुनै प्रधान विचार हुन्छ नै, त्यसमा एक बौद्धिक सत्यता रहन्छ, जसले पुरै समाजको चिन्तनमा प्रभाव पारेको पाइन्छ। हरेक युगमा मनुष्यको एक परिकल्पना वा अवधारणा हुन्छ। मनुष्यको यही परिकल्पना आदर्शको रूपमा स्थापित हुन्छ। युगको प्रधान विचारको प्रसारण जीवनको सम्पूर्ण व्यवहारमा वा चिन्तनको क्षेत्रमा रहेको हुन्छ। एउटा लामो समयको अन्तरालमा यस्ता विचारको क्रमशः गिरावट आउँछ र कुनै नयाँ विचार विकसित भई प्रधान विचार बन्दछ । यद्यपि टेनले युगप्रधान विचारधाराको बारेमा बताएका छैनन् तर पनि उनको व्याख्या उक्त विचारधाराको नजिक भने अवश्य छ। उनको युगसम्बन्धी धारणामा संस्कृति तथा साहित्यको परम्परागत धारणा पनि समावेश हुन्छ । त्यसमा परम्परा तथा समकालीनता, राष्ट्रिय प्रतिभा तथा समकालीन सामाजिक सन्दर्भका बिच सम्बन्ध स्थापित भई संस्कृति, कला तथा साहित्य विकास प्रक्रियाको सङ्केत रहन्छ (पाण्डेय, १९७४, पृ. १२५-१२६) भनी उल्लेख गरेका छन् ।

### २.१.३ **पर्यावरण**

टेनले साहित्यिक कृतिमा विशेषगरी प्रकृति र प्राकृतिक परिवेश रहने तर्क गरेका छन् । यसप्रकारको परिवेशभित्र भूगोल र जलवायु मुख्य रूपमा रहेको पाइन्छ। यसले जातिको विकासात्मक चरणमा समेत प्रभाव पार्दछ। कुनै जाति कस्तो जलवायु र भूगोलमा बसोवास वा रहनसहन गर्दछ त्यसले जातिमा कस्तो प्रभाव पार्दछ भन्ने कुरा हेर्न सकिन्छ । यस्तो परिवेशभित्र सामाजिक-आर्थिक परिवेश पनि खोज्नु जरुरी हुन्छ। सामाजिक-आर्थिक परिवेशले कालान्तरमा सांस्कृतिक परिवेशसमेत निर्माण गरेको देखिन्छ। टेनको महत्त्वपूर्ण धारणा पर्यावरण हो । परिवेशसम्बन्धी उनको आशय खासगरी प्राकृतिक परिवेश नै हो । तथापि यसअन्तर्गत सामाजिक परिवेश पनि रहेको छ। टेनले मानव स्वभाव र प्राकृतिक परिवेशका बिच कार्यकारण सम्बन्ध स्थापित गरी त्यसैका आधारमा साहित्यको व्याख्या (पाण्डेय, १९७४, पृ. १२५) गर्नुपर्ने धारणा अगाडि सारेका छन् ।

टेनको पर्यावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ। भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल तथा कष्टमय हुनाका कारण उत्तरका साहित्यमा दुःख, कष्ट, पीडा र भोकमरी पाइन्छ भने दक्षिणको भौगोलिक

संरचनाअनुकूल हुनाका कारण त्यहाँको साहित्यमा खुसी, शान्ति र हर्षोल्लास पाइन्छ । दक्षिणको भूमि उर्वर भएकाले त्यहाँका मान्छेहरू गाँस र बासको समस्याबाट मुक्त छन् । त्यसैले दक्षिणको साहित्यमा सुखवाद पाइन्छ । यसरी भौगोलिक पर्यावरणले साहित्यमा प्रभाव पारेको हुन्छ । समाजमा मान्छे एक्लो नहुने हुँदा ऊ प्रकृति तथा सामाजिक पर्यावरणद्वारा चारैतिरबाट घेरिएको हुन्छ । त्यसैले पर्यावरणको प्रभावमा एउटा मेसिनले जस्तो साहित्यकारको मस्तिष्कले कार्य गरेको हुन्छ । उत्तरमा दुःखवाद र दक्षिणमा सुखवादको अभिव्यक्ति साहित्यमा हुने कुराबाट के स्पष्ट हुन्छ भने भौगोलिक संरचना र पर्यावरणले साहित्य सृजनामा महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ । यसरी बाहिरी परिवेशले मान्छेको मानसिकतालाई प्रभाव पार्दछ (क्षेत्री, २०६४, पृ. २४) भन्ने टेनको आशय हो ।

टेनले प्रयोग गरेको 'मिल्यु'लाई अनुवाद वा प्रयोग गर्ने सन्दर्भमा एकरूप भेटिँदैन । मिल्यु शब्दले सामाजिक पर्यावरणलाई सङ्केत गर्दछ । यो एक युगका रूपमा पनि सङ्केत गर्ने शब्द हो । यसले युगीन परिवेशलाई सङ्केत गर्दछ । यसर्थ टेनले व्याख्या गरेको दृष्टिकोणलाई परिवेश शब्द प्रयोग गर्न सकिन्छ । यी तीनवटै शब्दलाई सम्बोधन गर्ने नेपाली शब्द पर्यावरण नै हो । त्यसैले यस लेखमा टेनको मान्यता हेर्दा जातिलाई सहज आनुवंशिक गुण, समान सांस्कृतिक विशेषता, जलवायु र भूगोल, खानपिन र शारीरिक संरचना, क्षणलाई कृतिरचनाको प्रेरक क्षण, समग्र कालखण्ड, जीवनपद्धति, विचारधारा र पर्यावरणलाई प्रकृति र प्राकृतिक पर्यावरण, सामाजिक र सांस्कृतिक पर्यावरण, आर्थिक पर्यावरण र राजनैतिक वा वैचारिक पर्यावरणका तत्त्वहरूले प्रतिनिधित्व गरेको हुँदा तिनै पक्षलाई आधार बनाई शाहको 'सुँडी दमिनी' कथाको विश्लेषण गरिएको छ ।

## ३. 'सुँडी दमिनी' कथाको विश्लेषण

'सुँडी दमिनी' कथा भौगोलिक दृष्टिले नेपालको सुदूरपश्चिम क्षेत्रको पहाडी ग्रामीण परिवेशमा रचना गरिएको छ । सुदूरपश्चिम क्षेत्रको ग्रामीण परिवेशमा जन्मेहुर्केकी सुँडी दमिनीको कारुणिक कहानीलाई कथाको विषयवस्तु बनाइएको छ । कथामा आर्थिक दृष्टिले दयनीय अवस्था भएकी सुँडी दमिनी आफ्नै सन्तानबाट अपहेलित भएको देखाइएको छ । जीवनभर छोराहरूको लालनपालनमा जीवन व्यतीत गरेकी सुँडी दमिनी बूढेसकालमा अपहेलित भएर बाँच्नुपर्ने अवस्थामा पुगेको पाइन्छ । पति प्रभु दमाईको मृत्युपश्चात् दुःखपूर्ण रूपमा जीवन व्यतीत गर्दै आएकी सुँडी दमिनीको जीवनचर्यालाई 'म' पात्रका माध्यमबाट कथामा चित्रण गरिएको छ । कान्छो छोरालाई बम्बईसम्म पुऱ्याएर पढाएकी सुँडी दमिनीका दम्पत्तीलाई बूढेसकालमा कान्छा छोराले सहारा दिन्छ भन्ने विश्वास थियो तर कान्छा छोराहरूको अमानवीय व्यवहारले गर्दा ती दम्पत्तीहरू गाउँमा दुःख गरी एक्लै बस्न बाध्य भएका छन् । रोगले थलिएर पतिको मृत्यु भएपछि पति मरेकै झुप्रोमा अन्तिम सास छोड्ने विचार लिएर सुँडी दमिनी एक्लै बसेको देखिन्छ । आफ्नो दुःख बिर्साउनका लागि गाउँभरि डुलेर गाउँलेहरूका च्यातिएका थोत्रा कपडा सिलाएर जीवनयापन गर्दै गरेकी सुँडी दमिनी दुःखपूर्ण रूपमा बाँच्नुपर्दा अत्यन्त पीडितजस्ती बनेकी छिन् । यसरी गाउँले परिवेशमा एक्ली सुँडी दमिनीले भोग्नुपरेका कारुणिक कथालाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ३.१ 'सुँडी दमिनी' कथामा जाति

प्रस्तुत 'सुँडी दमिनी' कथाका पात्रहरू 'म', सुँडी दमिनी, प्रभु दमाई, नयाँ दमाई, सेते दमाई, बुहारी र गाउँले रहेका छन् । यीमध्ये 'म' पात्र उच्चवर्गीय ठकुरी जातिको रहेको छ भने गाउँलेहरू विभिन्न जातजातिका छन् । यी दुई पात्रबाहेक अन्य पात्रहरू सबै एकै परिवारका दमाई जातिका रहेका छन् । कथामा सुँडी दमिनी प्रमुख पात्रका रूपमा उभिएको पाइन्छ भने उनको परिवारले तल्लो जातिको प्रतिनिधित्व गरेको देखिन्छ । तिनीहरूको प्रतिनिधित्वलाई निम्न आधारमा विश्लेषण गरिएको छ :

#### ३.१.१ सहज आनुवंशिक गुण

प्रस्तुत सुँडी दमिनी कथामा नेपाली ग्रामीण क्षेत्रमा बसोवास गर्ने सीमान्तकृत वर्गकी एउटी बुढी महिला सुँडी दमिनीको जीवनलाई आधार बनाइएको छ । कथामा छोराहरूबाट अपहेलित भएकी सुँडी दमिनी पतिको मृत्युपश्चात् गाउँका मानिसहरूका थोत्रा कपडा सिलाएर जीवनयापन गर्दै आएकी छे । छोराहरूको अत्याचारलाई सहन नसकी गाउँमा पतिपत्नी बस्दै आएका थिए । पति प्रभु दमाईले हुड्का बजाएर माग्दै जीवनयापन गर्दै गरेका अवस्थामा एक दिन अचानक पतिको

मृत्यु हुन्छ । पतिको मृत्यु भएपछि दुःख गर्दै सुँडी दमिनीले गाउँलेहरूलाई खुसी पार्दै दुई छाक खाएर जीवन गुजारेकी छे । अरूको सुखमा खुसी हुने र आफ्नो दुःख अरूलाई नदेखाउने स्वभावकी सुँडी दमिनी गाउँले बिच निकै भिजेकी थिई । गाउँलेहरूको सामान ओसारपसार गरिदिने, खबर पुऱ्याइदिने र थोत्रा कपडा सिलाइदिनाले गाउँका मानिसहरू उनीसँग निकै खुसी देखिन्छन् । सुँडी दमिनीको दुःखलाई त्यस गाउँका मानिसहरूले बुझेर पनि टुलुटुलु हेर्नु सिवाय अरू केही गरेका छैनन् । दीनदुःखीहरूको पीडा र दुःख कसले बुझ्ने र ? दुःखमाथि झन् दुःखका पहाडहरू बनेर जीवनका अगाडि ठडिए पनि सुँडी दमिनीले जीवनदेखि हार मानेकी छैन । यही सुँडी दमिनीको सेरोफेरोमा सम्पूर्ण कथाका घटनाक्रम अगाडि बढेको छ । सुँडी दमिनीको दुःख र पीडाले सतल्लो स्तरका मानिसहरूको समाज र देशकै समस्याका रूपमा केन्द्रित छ । कथामा सहायक पात्रका रूपमा 'म' पात्र उपस्थित भएको छ । 'म' पात्र कथामा ठकुरी जातिको रहेको छ । कथामा वितरित घटनाक्रम तथा पात्रको उपस्थितिका आधारमा समान र भिन्न नश्लीय सम्बन्ध पहिचान गर्न सकिने अवस्था रहेको दुई स्वरूप छन् । सहज आनुवंशिक अभिलक्षणका केन्द्रीयतामा 'म' पात्र पुरुष जातिको हो भने सुँडी दमिनी स्त्री जाति हो । सुँडी दमिनीको पति, छोराहरू पुरुष जातिका रहेका छन् भने बहुारी स्त्री जातिकी रहेकी छे । गाउँलेहरूमा भने समान र भिन्न नश्लीय सम्बन्ध पहिचान गर्न सकिने सहज अवस्था छैन । कथामा परिवार, समाज र सस्कृति आदिले सुँडी दमिनी पात्रलाई दुःखपूर्ण रूपमा जीवनयापन गर्न विवश बनाइएको देखिन्छ :

> अर्को साल दसैंको राम, नहेरी कहाँ मरुँला र मालिक । यसरी पोहोर सालको दसैंको टीकाको दिन सुँडी दमिनीले मेरा सामुन्ने आफ्नो बह पोखेकी थिइन् । (पृ. १०६)

यस उदाहरणमा सुँडी दमिनी शब्दको उल्लेख भएको छ । मालिक शब्दले उच्च वर्गलाई सम्बोधन गरेको घटना आएको छ । दमिनी तल्लो जातिकी हो भन्ने कुरामा यस उदाहरणमा प्रस्तुत छ । ग्रामीण समाजमा तल्लो जातिले माथिल्लो जातिलाई सम्मान गरेको र आफू असहाय र पीडित भएको कुराले त्यस समाजमा जातीय विविधताका साथै जातीय विभेद रहेको कुरा उक्त उदाहरणले प्रस्ट पारेको छ । दमको रोगले थलिएकी सुँडी दमिनीले मालिकहरूको चाकरी गरेर जीवनयापन गर्नुपरेको वास्तविकतालाई उक्त उदाहरणले पुष्टि गरेको छ । यी मानव जातिका सामाजिक, आर्थिक, मानसिक र चारित्रिक पक्षहरूमा प्रत्यक्ष प्रभाव पार्ने तत्त्वका रूपमा जातीय स्वरूप भएको कुरा देखिन्छ । दमिनी बुढी नारी जातिका रूपमा देखिएकी र उसमा जातीय गुण आनुवंशिक रूपमा आएको छ । सुँडी दमिनीका छोराहरू पनि पैतृक व्यवसाय अँगालेर बसेका कारण उनीहरूमा पनि जातीय आनुवंशिक गुण रहेको कुरा कथामा उल्लेख छ । 'म' पात्र ठकुरी जातिको रहेको उसको समाजमा उच्चसम्मान रहेको कुरा सुँडी दमिनीले मालिक शब्दको प्रयोगबाट पुष्टि भएको छ ।

### ३.१.२ **समान सांस्कृतिक विशेषता**

'सुँडी दमिनी' कथामा नेपालीहरूको महान् चाड दसैंको बारेमा उल्लेख भएको छ । दसैंमा सबै नेपालीहरूले नयाँ कपडा लगाउने र मिठो-मसिनो खाँदै आफूभन्दा ठुलाबडासँग आशीर्वाद लिने चलन परापूर्वकालदेखि रहिआएको छ । सुँडी दमिनी कथामा भूगोल र संस्कृतिको समानता देखिन्छ । भिन्न प्रजाति भए पनि समान रूपमा सबैले एकैखाले संस्कृति मनाउने गरेको पाइन्छ । पहाडी भूगोलको परिवेशमा रचना गरिएको 'सुँडी दमिनी' कथामा गाउँका सबै मानिसहरूमा समान संस्कृति रहेको पाइन्छ । सबैले मनाउने समान संस्कृतिले गर्दा एकआपसमा सांस्कृतिक सम्बन्ध निर्माण गरिएको छ । यस कुराको पुष्टि तलको उदाहरणहरूबाट प्रस्ट हुन्छ :

> दसैं-तिहारमा त यो दरबारै उज्यालो भएको देख्छु हजुर । मलाई कति खुसी लाग्छ, टाढाटाढाबाट मालिकहरू दसैंमा घर आएको देख्दा । (पृ. १११)

यस उदाहरणमा नेपालीहरूको सबैभन्दा ठुलो चाड दसैं, तिहारमा परदेसिएका वा विशेष कामले विभिन्न ठाउँमा गएका नेपालीहरू आफ्नो पुर्ख्यौली थलो वा घरमा भेला हुने, रमाइलो गर्ने, एकआपसमा सद्भाव बाँड्ने गरेको देखिन्छ । सुँडी दमिनी गाउँलेहरूका लागि सहयोगी पात्र भएको पाइन्छ । उनको सहयोगविना गाउँलेहरू असहाय हुन्थे । उनी गाउँलेहरूका प्रत्येक जीवनप्रक्रियासँग आत्मसात् हुने भएकीले चाडबाडमा मालिकहरू रमाएको देखेपछि उनी पनि रमाउन, हाँस्न र खाने कार्यलाई जातिगत रूपमा नभई समान संस्कृतिको रूपमा चित्रण गरिएको छ ।

> आआफ्नो शैलीले आआफ्नो जीवनको गोरेटोमा सफलताका साथ पाइलाहरू चुमिरहेका ती दाजुभाइका आमाबाबु, सुँडी दमिनी र प्रभु दमाई भने यी तीनैका आँखामा आफ्नो प्रगतिका बाधक ठहरिएका थिए सायद। (पृ. १०८)

यस उदाहरणमा सुँडी दमिनीका तीन भाइ छोराहरूले आफ्नो जातिको संस्कृतिलाई बचाएका कुरा उल्लेख छ। उनीहरूलाई दुःख गरी हुर्काउँदा बाबुआमा दमको रोगी भएको देखिन्छ। तीनै जना छोराहरूले आफ्नो पेसालाई तराई, पहाड र बम्बईमा गरिरहेको देखाएकाले गाउँ-सहरमा दमाई जातिले कपडा सिलाउने गरेको सांस्कृतिक स्वरूप परम्परादेखि चलिआएको र सो कार्य तीनै दाजुभाइले धानेका कारण जातिगत समान सांस्कृतिक सम्बन्ध रहेको कुरा उक्त उदाहरणबाट पुष्टि भएको छ।

### ३.१.३ जलवायु र भूगोल

'सुँडी दमिनी' कथाको वर्णित भूगोल खासगरी पहाडी जिल्लाको कुनै एउटा सहर र गाउँ रहेको छ। सुँडी दमिनीले 'म' पात्रलाई मालिक भनेको प्रसङ्ग र मालिकका घर दसैँ र तिहारमा झलमल्ल हुने गरेको कुराबाट ठकुरी जातिहरू सहरिया परिवेशमा हुर्केको कुरा उल्लेख छ। यसैगरी थारु परिवारले सुँडी दमिनी र प्रभु दमाईलाई सानो झुप्रोमा बस्न दिएको प्रसङ्गका साथै सुँडी दमिनीले गाउँ गाउँमा डुलेर पुराना कपडा सिलाएको प्रसङ्गले गाउँले परिवेश पनि रहेको छ। त्यसैले यस कथामा वर्णित भूगोल पहाडी जिल्लाको सहरिया र गाउँले बस्ती रहेको देखिन्छ :

> उनी गाउँलेहरूको रैबारेको काम पनि गर्थिन्। कहिल्यै पनि नाइँ नभनी उनी घरका दुःखसुखका खबरहरू गाउँ गाउँमा चहार्दै सुनाउँथिन्। (पृ. ११०)

यस उदाहरणमा उल्लेख भएको 'गाउँले' र 'गाउँ' शब्दले पनि उक्त कथाको परिवेश गाउँ/ग्रामीण रहेको कुरा पुष्टि हुन्छ। सुँडी दमिनी गाउँगाउँ डुलेर फाटेका, उध्रेका र टाँक खुस्केका कपडा सिलाएर पाएको अन्न, साग-सब्जीले जीवन गुजारा गर्ने गरेका कुरा कथामा रहेको छ। उनी गाउँलेहरूको रैबारे काम पनि गर्थिन्। आफू बाथ रोगी हुँदा पनि सुखदुःखका खबर गाउँगाउँमा सुनाउने भएकीले ससाना कामका लागि सुख-दुःखको व्यक्तिका रूपमा उनले नाइनास्ती नगरेकीले गाउँको परिवेश नै भूगोलको रूपमा पाइएको छ :

> मालिकका घर घर चहार्दै प्रभु दमाई हुड्का बजाएर थोत्रो गलाले भारत हाल्थे। (पृ. १०९)

यस उदाहरणमा मालिकहरू भन्नाले ठकुरी वंशका व्यक्तिहरू हुन्। उनीहरू सहरमा ठुला ठुला घर बनाएर बसेको कुरा कथामा चित्रण छ। उनीहरूका घरमा झलमल्ल बत्ती बलेको, दसैँतिहारमा जताजतै झलमल्ल हुने गरेको कुरा पनि कथामा चित्रित भएकाले कथाको आंशिक भूगोल सहर रहेको छ। दिनभर गाउँ डुलेर बेसाहा गरी ल्याएको सरसामानले गुजारा गर्ने, मालिकका घरमा पुरानो हुड्का गलाले बजाउने सन्दर्भले भूगोलअनुसार जीवन निर्वाह गरिरहेको परिवेश आएको छ।

### ३.१.४ खानपान र शारीरिक संरचना

प्रस्तुत 'सुँडी दमिनी' कथामा उल्लेखित पात्रहरूमध्ये मुख्य भूमिकामा सुँडी दमिनी देखापरेकी छे। सुँडी दमिनी दमाई जातिकी स्त्री पात्र हो। आर्थिक अवस्था कमजोर भएकी सुँडी दमिनीले दिनभरि गाउँलेहरूकहाँ गएर काम गरेपछि पाएको अन्नसागले जीवननिर्वाह गरेको कुरा कथामा उल्लेख गरिएको छ :

> सुँडी दमिनी बिहानै आफ्नो झुप्रोबाट निस्कन्थिन्। उनको हातमा एउटा लट्ठी र टाउकामाथि गुजुमुज्ज पारेर राखिएको एउटा फाटो गुन्यू हुन्थ्यो, जसमा उनी दिनभरि मालिकका फाटा र मैला कपडाहरू सिएर प्राप्त गरेको अन्न गुटमुट्याउँथिन्। (पृ. १०९)

यस उदाहरणमा आएको अन्न शब्दले गाउँलेहरूको खानपान सामान्य रहेको स्पष्ट रूपमा देखिन्छ। सुँडी दमिनीको आर्थिक अवस्था कमजोर भएकाले उसलाई खानलाउन नै धौधौ परेको कुरा पनि कथामा उल्लेख छ। गाउँलेहरूमा आर्थिक विषमता रहेकाले गाउँहरूमा सामान्य खानपान रहेको देखिन्छ।

कथामा आएका पात्रहरूमध्ये सुँडी दमिनी स्त्री जातिकी पात्र हो भने अन्य पात्रहरू प्रायः पुरुष जातिका रहेका छन्। पात्रयोजनानुसार कथामा दुई जातिका शारीरिक संरचना भएका पात्रहरू रहेका छन् :

बम्बइया चोली सिलाउन जान्ने एक मात्र सेते दमाई नै भएका कारण उसको घरमा युवायुवतीहरूको घुइँचो लाग्न थालेको थियो । (पृ. १०८)

यस उदाहरणमा युवायुवती शब्दको उल्लेख भएको र युवायुवतीको शारीरिक संरचनाको उल्लेख नभए पनि सामान्य युवायुवतीहरूको शरीर सुगठित हुने भएकाले उनीहरूको शारीरिक संरचना हृष्टपुष्ट रहेको थियो भन्न सकिन्छ ।

### ३.२ **'सुँडी दमिनी' कथामा क्षण**

प्रस्तुत 'सुँडी दमिनी' कथामा जातिलाई जति महत्त्व दिएर चर्चा गरिएको छ त्यति क्षणलाई महत्त्व दिइएको पाइँदैन । क्षणका निश्चित आधारहरूमा 'सुँडी दमिनी' कथाको विश्लेषण निम्नानुसार गरिएको छ :

### ३.२.१ **कृति रचनाको प्रेरक क्षण**

यस समयमा देखिएको चरम गरिबीलाई देखाउन कथाकारले यहाँ सुँडी दमिनी पात्रलाई उभ्याएर तत्कालीन अवस्थामा तल्लो स्तरका व्यक्तिहरूको आर्थिक अवस्थालाई देखाएका छन् । समाजमा तल्लो स्तरका मानिहरूको गरिबी नै कथा रचनाको प्रेरक क्षण रहेको कुरा कथाकारले कथामा प्रस्तुत गरेको विषयबाट प्रस्ट भएको छ :

पोहोर साल गाउँमा दसैं मनाउन जाँदा सुँडी दमिनीले आँखाभरि आँसु पार्दै मेरा सामुन्ने आफ्नो बूढ्यौलो स्वरले उपर्युक्त शब्द भनेकी थिइन् । उनी त्यति बेला दमको रोगले असाध्यै पीडित थिइन् । (पृ. १०६)

यस उदाहरणमा सुँडी दमिनी रोगी, बृद्ध शरीर भएकी, काम्दै बोल्ने गरेका कुराबाट सुँडी दमिनीजस्ता आर्थिक अवस्था कमजोर भएका मानिसहरूले आफूलाई लागेको रोग निको पार्न औषधी गर्न नसक्ने, मालिकहरूसँग मागेर जीवन गुजारा गर्नुपर्ने अवस्था देखेका र अनुभूति गरेका कथाकारमा ती व्यक्तिहरूको वास्तविकतालाई दर्साउने हेतुले यो कथाको रचना गर्ने प्रेरणा मिलेको होला भन्न सकिन्छ ।

### ३.२.२ **समग्र कालखण्ड**

प्रस्तुत 'सुँडी दमिनी' कथामा सुँडी दमिनीको गरिबीको चर्चा गरिएको छ । सुँडी दमिनीले तीन भाइ छोरा हुर्काएको र उनीहरूलाई सक्षम बनाउन निकै परिश्रम गरेका चर्चा कथामा आएको छ । यसैगरी तीन भाइ छोराहरूले आआफ्नो घरजम गरेको, प्रभु दमाईले मालिकका घरमा हुड्का बजाएर जीवन धानेको, प्रभु दमाई मरेको र केही समयपछि सुँडी दमिनी पनि मरेको कथानकको वर्णनबाट यो कथाको समय आजभन्दा पचास वर्षअघिको हो भन्न सकिन्छ :

प्रभु दमाईको छोरो सेते दमाईले आफ्नो नामका पछाडि लेखेको नेपालीप्रति त्यहाँका गाउँलेहरूले केही समय रोष प्रकट गरे पनि आधुनिक ठानिने देवानन्द र दिलीपकुमारले लगाउने छत्तीस इन्च मोहता भएको बेलबटम प्यान्ट र लामकाने सर्ट तथा मधुबाला ... ।" (पृ. १०७) ।

यस उदाहरणमा समाजमा दमाई जातिले कपडा सिलाउने परम्परा रहेको र कान्छो छोरो मुम्बई गएर कपडा सिलाउन सिकेको र त्यसबेला भारतीय अभिनेताहरू देवानन्द र दिलीपकुमारले लगाउने बेलबटम प्यान्ट र लामकाने सर्टको चलन रहेको कुरा कथामा उल्लेख भएकाले र भारतीय हिन्दी फिल्मजगत्मा देवानन्द र दिलीपकुमार आजभन्दा लगभग पचास वर्षअघिका नायक रहेकाले पनि यो कथाको समय आजभन्दा पचास वर्षअघिको हो भन्ने कुरा पुष्टि हुन्छ ।

### ३.२.३ **जीवनपद्धति**

कथामा मिश्रित आर्थिक अवस्था भएका पात्रहरूको उपस्थिति रहेको छ । ठकुरी, थारु र दमाई जातिहरूको उल्लेख कथामा आएको छ । कथामा मालिक शब्दको उल्लेख बारम्बार भएकाले र म पात्रले सुँडी दमिनीको दर्दनाक कथा प्रस्तुत गरेकाले आर्थिक विषमताका कारण जातिगत जीवनपद्धति अलग अलग रहेको कुरा कथामा उल्लेख भएको पाइन्छ । सुँडी दमिनीले मालिकको घरमा आँसु झार्दै खानलाउन र औषधी उपचार गर्न नसकेको कुरा बताएकाले पनि तल्लो स्तरका मानिसहरूको जीवनपद्धति कष्टकर रहेको कुरा उल्लेख गरिएको छ :

सुँडी दमिनीका लागि गाउँलेहरू नभई गाउँलेहरूका लागि सुँडी दमिनीको उपस्थिति अपरिहार्य भइसकेको

> थियो । यो कुरा मात्र होइन कि गाउँलेहरू मात्र सुँडी दमिनीको सहयोग नपाएका खण्डमा असहाय हुन्थे, चिन्ता गर्थे, सुँडी दमिनी झन् गाउँलेहरूका प्रत्येक जीवनप्रक्रियासँग आत्मसात् हुन चाहन्थिन् ।" (पृ. ११०)

यस उदाहरणमा सुँडी दमिनीको जीवन कष्टकर भए पनि ऊ गाउँलेहरूमाझ निकै भिजेकी थिई । परिश्रम गरेर जीवन निर्वाह गर्ने सुँडी दमिनी निकै स्वाभिमानी थिई । ऊ त्यत्तिकै अरूकहाँ गएर मागेर खाने नभई काम गरेर खान्थी । गाउँलेहरू पनि उसको परिश्रमबाट सन्तुष्ट थिए । सामान्य जीवनपद्धतिमा बाँचको गाउँले र आर्थिक अवस्था कमजोर भएकाले कष्टकर जीवन यापन गरिरहेकी सुँडी दमिनीको जीवनपद्धतिलाई देखाएर कथाकारले गाउँलेहरूमा मध्यवर्गीय र निम्नवर्गीय मानिसहरूको जीवनपद्धति अलग अलग थियो भन्ने कुरा कथामा देखाइएको छ ।

### ३.२.४ विचारधारा

प्रस्तुत कथामा कथाकारले सुँडी दमिनीका माध्यमबाट तत्कालीन समयका तल्लो स्तरका मानिसहरूको आर्थिक अवस्थालाई प्रस्तुत गरेका छन् । यसैगरी जीवनभर परिश्रम गरेर हुर्काएका आफ्ना सन्तानलाई योग्य र सक्षम बनाएपछि ती सन्तानहरूले वृद्ध भएका बुबाआमालाई अपहेलना गर्छन् भन्ने यथार्थ चित्रण गरिएको छ । कथामा प्रयुक्त पात्रहरूमध्ये प्रमुख महिला पात्र सुँडी दमिनीको विचार तलको उदाहरणबाट पाउन सकिन्छ :

> अरूका सामुन्न आफ्नो बह पोख्दै हिँड्ने सुँडी दमिनीका दम्पती एकदिन साँच्चै नै आफ्ना छोराहरूबाट अलग्गिएका थिए । एउटा थारूपरिवारले दया देखाएर जमारा कुलाको ढिकनिरको सानो झुप्रोमा ती बूढाबुढीलाई बस्न भनेर दिएको थियो । (पृ. १०८)

प्रस्तुत कथामा तल्लो स्तरका मानिसहरूले अरूबाट होइन, आफ्नै परिवारबाट अपहेलित भएर अरूको घरमा आश्रय लिएर बाँच्नुपरेका वास्तकवितालाई कथामा देखाइएको छ । यसैगरी सुँडी दमिनीका माध्यमबाट हातमा सीप र कला छ भने सबैका सामु हात फैलाएर होइन, परिश्रम गरेर बाँच्न सकिन्छ भन्ने विचारलाई पनि कथामा प्रस्तुत गरिएको छः

### ३.३ 'सुँडी दमिनी' कथामा पर्यावरण

प्रस्तुत 'सुँडी दमिनी' कथामा प्रकृति र प्राकृतिक, सामाजिक तथा सांस्कृतिक, आर्थिक र वैचारिक माध्यमबाट आएको पर्यावरण चित्रण गरिएको छ । यस कथालाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ३.३.१ प्रकृति र प्राकृतिक पर्यावरण

कथामा प्रकृति र पर्यावरणको खासै वर्णन देखिँदैन । गाउँ र सहरमिश्रित परिवेशमा लेखिएको यस कथामा एक गाउँ, दोस्रो गाउँ र अर्को गाउँ आदि कुराको उल्लेख भएबाट गाउँको प्रकृति हराभर र स्वच्छ प्राकृतिक वातावरण थियो भन्ने अनुमानमात्रै गर्न सकिन्छ । प्रकृति र पर्यावरणसम्बन्धी कथामा कुनै पनि सङ्कथनात्मक वर्णन पाइँदैन ।

### ३.३.२ सामाजिक र सांस्कृतिक पर्यावरण

कथामा कथाकारले विविध जातिका पात्रहरूलाई उभ्याएका छन् । ठकुरी, थारु र दमाई जातिका पात्रहरूलाई कथामा उभ्याइएको छ । यी पात्रहरूको जातिगत विशेषताको वर्णन गर्ने क्रममा ठकुरी जाति अलि सम्पन्न थिए भन्ने कुरा सुँडी दमिनीले 'म' पात्रलाई बारम्बार मालिक शब्दले पुकार गरेको कुराबाट पुष्टि हुन्छ । त्यस्तै सुँडी दमिनीले आफ्नो जातिगत कार्य कपडा सिलाउने, हुड्का बजाउने कार्य गर्ने गरेको कुराबाट त्यतिबेला आफ्नो संस्कार र संस्कृतिअनुरूप जीवनयापन गरिएको उल्लेख छ :

> सुँडी दमिनी आफू फाटेका लुगा लगाएर अरूको फाटो सिउँथिन् । आफ्नो दुःख भुलेर भए पनि अरूको खुसीमा रमाउँथिन् । (पृ. १११)

यस उदाहरणमा सुँडी दमिनीले कपडा सिलाएर जीवनयापन गरिएको कुरा उल्लेख छ । त्यसैगरी बिहाबर्तुनमा हुड्का बजाउने गरेको कुराबाट तत्कालीन समयमा कपडा सिलाउने र हुड्का बजाउने सामाजिक परम्परा दमाई जातिमा थियो, जुन अहिले पनि कतिपय समाजमा यो कुरा विद्यमान छ । त्यसैगरी विविध जातिका आफ्नै जातिगत विशेषता, रहनसहन, व्यवहार,

कार्यशैली र जीवनपद्धतिका स्वरूपहरू, संस्कार र सस्कृति रहेको कुरा कथामा विविध जातिका पात्रहरू उभ्याएर कथाकारले पुष्टि गरेका छन् । यसरी नै सुँडी दमिनीका तीन भाइ छोराहरूले आफ्नो कपडा सिलाउने संस्कारलाई जीवन्त राखेकाले पनि तत्कालीन समयमा जातिगत संस्कारमा मानिसहरू जीवनयापन गर्थे भन्ने कुरा पुष्टि हुन्छ ।

### ३.३.३ आर्थिक पर्यावरण

सांस्कृतिक परिवेशको निर्माणको प्रत्यक्ष वा परोक्ष आधार आर्थिक अवस्था हो । प्रस्तुत 'सुँडी दमिनी' कथाको मुख्य पात्र सुँडी दमिनीको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको छ भने 'म' पात्रको आर्थिक अवस्था सुदृढ रहेको पाइन्छ। कथाको मुख्य सुँडी दमिनी अर्काले दिएको झुप्रोमा बसेर गाउँभरिका झोत्रा थाङ्ना टालेर जीवन निर्वाह गर्थी । यसैले कथाकी मुख्य पात्रको आर्थिक पर्यावरण हेर्दा अत्यन्त कमजोर रहेको देखिन्छ :

> सुँडी दमिनी आफ्नो जवानीमा बूढाले नाचे गाएको आफूले हेरेको दिनका कल्पनाहरूमा मग्न हुँदै फाटेका गुदडी सिलाउने, टाँक टुटेका कपडाहरूमा टाँक लगाइदिने र सिरक तगिदिने काम गर्थिन् । यसरी जेनतेन ती बूढाबुढी आफ्नो जीवनलाई घिसारिरहेका थिए । (पृ. १०९)

यस उदाहरणमा सुँडी दमिनीको आर्थिक अवस्था कमजोर भएको देखिन्छ । आफ्नो जीवन धान्नका लागि अरूका घरमा गई थाङ्ना टालेर जीवन यापन गरिरहेकी छन् । यसरी अरूकहाँ दिनभरि काम गरेर प्राप्त अन्न, सागपातबाट जीवनयापन गर्ने गरेको घटनाबाट कथाको आर्थिक पर्यावरण अत्यन्त कमजोर रहेको पुष्टि हुन्छ ।

### ३.३.४ राजनीतिक वा वैचारिक पर्यावरण

कृति रचनामा समय सान्दर्भिक सामाजिक वा राजनीतिक अवस्थाको प्रभाव रहन्छ । स्रष्टामा विकसित राजनैतिक चेतनाले वैचारिक पक्षको आधार तय हुन्छ। युगीन परिवेशले जीवन्त विचारको सुगठित स्वरूप निर्माण गर्दछ। यस कथामा कथाकारले राजनैतिक नभई सामाजिक अवस्थालाई चित्रण गरेका छन् । समाजका तल्लो जातिका विपन्न आर्थिक अवस्थाका भएका मानिसहरूको दयनीय स्वरूपलाई कथाकारले यस कथामा वास्तविक रूपमा चित्रण गरिएको छ :

> सुँडी दमिनी बिहानै आफ्नो झुप्रोबाट निस्कन्थिन् । उनको हातमा एउटा लठ्ठी र टाउका माथि गुजमुज्ज पारेर राखिएको एउटा फाटो गुन्यू हुन्थ्यो जसमा उनी दिनभरि मालिकका फाटा र मैला कपडाहरू सिएर प्राप्त गरेको अन्न गुटुमुट्याउँथिन् । उनी दिनभरि गाउँ चहार्थिन् । एक दिन एक गाउँ, दोस्रो दिन दोस्रो गाउँ र तेस्रो दिन अर्को गाउँ ... । (पृ. ११०) ।

यस उदाहरणमा सुँडी दमिनीको दैनिकीलाई प्रस्तुत गरिएको छ। सानो झुप्रोमा एक्लै बस्दै आएकी सुँडी दमिनीको जीवनचर्या दुःखपूर्ण रहेको छ। बूढो र कुप्रो शरीर लिएर दिनभरि गाउँलेका घर चहार्दै अन्नपात बटुलेर जीवनयापन गर्ने सुँडी दमिनीका माध्यमबाट कथाकारले तत्कालीन अवस्थामा विपन्न आर्थिक अवस्था भएका गरिबहरूको दयनीय जीवनलाई सुँडी दमिनीका माध्यमबाट प्रस्तुत गर्नु नै कथाकारको वैचारिक पर्यावरण हो ।

## ४. निष्कर्ष

'सुँडी दमिनी' कथामा कथाकारले नेपाली ग्रामीण क्षेत्रमा बसोवास गर्ने सीमान्तकृत वर्गकी एउटी बुढी महिला सुँडी दमिनीको जीवनकथालाई प्रस्तुत गरेका छन् । स्त्री जातिका रूपमा देखिएकी सुँडी दमिनी छोराहरूबाट अपहेलित भएकी र पतिको मृत्युपश्चात् गाउँका मानिसहरूका थोत्रा कपडा सिलाएर जीवनयापन गर्दै आएकी छे । कथामा वितरित घटनाक्रम तथा पात्रको उपस्थितिका आधारमा समान र भिन्न नश्लीय सम्बन्ध पहिचान गर्न सकिने अवस्था रहेको दुई स्वरूप छन् । सहज आनुवंशिक अभिलक्षणका केन्द्रीयतामा 'म' पात्र पुरुष जातिको हो भने सुँडी दमिनी स्त्री जाति हो । सुँडी दमिनीको पति, छोराहरू पुरुष जातिका रहेका छन् भने बुहारी स्त्री जातिकी रहेकी छिन् । गाउँलेहरूमा भने समान र भिन्न नश्लीय सम्बन्ध पहिचान गर्न सकिने सहज अवस्था छैन । कथामा परिवार, समाज र सस्कृति आदिले सुँडी दमिनी पात्रलाई दुःखपूर्ण रूपमा जीवनयापन गर्न विवश बनाएको छ । दसैँ, तिहारजस्ता सांस्कृतिक विशेषताहरूको उल्लेख भएकाले कथामा संस्कृतिलाई सबैले समान रूपमा मनाएको पाइन्छ । यस्ता संस्कृतिले गर्दा समाजमा एकआपसमा सांस्कृतिक सम्बन्ध निर्माण भएको पाइन्छ ।

कथाको जलवायु र भूगोलको विश्लेषण गर्दा नेपाली पहाडी जिल्लाको भूगोलमा कथाको कथानक निर्माण भएको छ। विभिन्न जातिका मानिसहरूको उपस्थितिले शारीरिक भिन्नता रहे पनि खानपान भने आर्थिक अवस्थाअनुसार रहेको देखिन्छ। समाजको गरिबीले कथाकारलाई कथा रचना गर्ने प्रेरणा जागेको पाइन्छ। कथाको समग्र कालखण्डलाई हेर्दा सुँडी दमिनी कथा आजभन्दा पचास वर्षअघिको भन्ने आधारहरू भेटिन्छन्। कथामा मिश्रित आर्थिक अवस्था भएका मानिसहरूको बसोवास रहेकाले कथामा विविध किसिमका जीवनपद्धति रहेको देखिन्छ। कथाकारले यस कथामा सुँडी दमिनीका माध्यमबाट समाजका तल्लो वर्गका मानिसहरूको आर्थिक अवस्था र जीवनपद्धतिलाई सुँडी दमिनीका माध्यमबाट प्रस्तुत गरिएको छ। यसरी कथाको समग्रता हेर्दा समाजमा सीमान्तकृत वर्गले दुःखपूर्ण जीवनयापन गर्नु परेको देखिन्छ।

**सन्दर्भ सामग्रीसूची**

क्षेत्री, उदय (२०६४), *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

जैन, निर्मला (सन् १९८६), *साहित्य का समाजशास्त्रीय चिंतन,* दिल्ली : हिंदी माध्यम कार्यान्वयन निर्देशालय।

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग २ (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन।

पाण्डेय, मेनेजर (सन् १९७४), *साहित्य के समाजशास्त्रकी भूमिका,* पंचकुला : हरियाणा साहित्य अकादमी।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौँ : सहयोगी प्रकाशन।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शाह, महेशविक्रम (२०७६), *सटाहा* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन।

श्रेष्ठ, चन्द्रमान (२०७१), *पारिजातका उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

Taine, Hippolyte (1906 A.D.), *History of English Literature, London : Chatto and Windus.*